# महिला सशक्तिकरण परियोजना
# एक जानकारी

SHARE AND CARE NEPAL

शेयर एण्ड केयर नेपाल
प्रस्तावित महिला सशक्तिकरण परियोजना *(AWEP)*, मकवानपुर
पोष्ट बक्स नं.१०६५७, काठमाण्डौ नेपाल
फोन नं. ०५७-५२६१९५, ०१-५५३८५७७
इमेलः *edo@share-care.org*
वेवसाइटः *www.share-care.org*

# शेयर एण्ड केयर नेपाल
# महिला सशक्तिकरण परियोजना,
# नामटार र कालिकाटार (मकवानपुर)
## Advocacy On Women Empowerment Project (AWEP)
## Namtar and Kalikatar - Makwanpur

## महिला सशक्तिकरण परियोजनाको- एक अवधारणा

**सन्दर्भः**

शेयर एण्ड केयर नेपाल विगत १७ वर्ष देखि विभिन्न खाँचोमा परेका तथा विपन्न परिवार, समुदायसम्म पुगेर महिला सशक्तिकरण, सामुदायिक स्वास्थ्य, सामुदायिक शिक्षा, खाद्य सुरक्षा तथा सामुदायिक विकासका कार्यहरु गर्दै आईरहेको एक गैर सरकारी संस्था हो । शेयर एण्ड केयर नेपाल "बाँड र वास्ता गर, जे आफुसंग छ जसरी सकिन्छ" भन्ने अर्थ राख्दछ ।

शेयर एण्ड केयर नेपाल गुणस्तरीय जीवनयापन गरीरहेको रुपान्तरित र सशक्त समुदायको परिकल्पना गर्दछ र विपन्न तथा खाँचोमा परेका समुदायसंगै रही समग्र रुपान्तरणका लागि कार्य गर्दछ । साथै एक समुदायको सफलता र प्रयासलाई अन्य क्षेत्र तथा समुदायसम्म पुगेर सेवा प्रदान गर्न र जीवन र जीविकोपार्जनका क्षेत्रमा सरोकार हुने सवालहरुमा समुदायको सक्रियता, परिचालन, सशक्तिकरण, रुपान्तरण तथा समुदायसंगसंगैको साझेदारी प्रकृयाको थालनी गरी कार्य गर्दछ ।

सिमान्तकृत तथा खाँचोमा परेका समुदाय र परिवारको आवश्यकता तथा सवालहरुलाई विशेष जोड दिई तिनीहरुको व्यापक परिचालन तथा सक्रिय सहभागिताको माध्यमबाट विकासका कार्यहरु गर्न समुदायलाई नै प्रोत्साहन गर्दछ ।

विगत ६ वर्ष देखि ललितपुर जिल्लाको छम्पी र डुकुछाप गा.वि.स.मा कार्यक्रम सञ्चालन गरी हालै यस कार्यक्रमलाई समुदायको नासो समुदायलाई नै सुम्पेर धन्यवाद ज्ञापन गरेर समुदायलाई नै आभार व्यक्त गरिसकेको छ भने मकवानपुर जिल्लाको वसामाडी, मनहरी, पदमपोखरी र हेटौंडा नगरपालिकाका ७, ८ र ११ नं वडाहरुमा विगत ३ वर्ष देखि खाँचोमा परेका तथा सिमान्कृत व्यक्तिहरुलाई लक्षित गरि AWEP (महिला सशक्तिकरण परियोजना) सञ्चालन भईरहेको व्यहोरा समेत जानकारी गराँउदछौं । कार्यक्रमको दौडानमा यसै जिल्लाको विभिन्न गा.वि.स.हरुवाट माग भई र समुदायको खाँचोलाई मध्यनजर गर्दै मकवानपुर जिल्लाको थप दुई गा.वि.स.हरु नामटार र कालिकाटारलाई नयाँ कार्य क्षेत्रका रुपमा छनौट गरिएको छ ।

प्रस्तावित कार्यक्षेत्रहरु नामटार र कालिकाटार गा.वि.स.हरुलाई लक्षित गरी **महिला सशक्तिकरण परियोजनाः Advocacy On Women Empowerment Project (AWEP)** लाई प्रस्ताव गरेको छ ।

**AWEP परियोजना बारेः**

यस कार्यक्रमले "Women empowerment through community participation" अथवा "महिला सशक्तिकरण समुदायको सहभागीतामा" सम्भव छ र समुदाय नै पहिलो विकासको कर्ताको रुपमा लिन सकिन्छ भन्ने अवधारणा राख्दछ । यदि समुदायको पहल, अगुवाई ,सक्रियता र सहभागिता भएर सामुदायिक विकासका कार्यहरु गर्ने हो भने ती सबैको दिगोपना र उपलब्धीहरु हासिल गर्न सकिन्छ । कुनै संघ संस्था तथा निकायको एक्लो प्रयास मात्र सामुदायिक विकास गर्न सम्भव हुदैन । आफ्नो गाउँ बनाउने जिम्मा स्थानीय बासिन्दाहरुकै हो, अरु संघ संस्थाहरु केवल सहयोगी, सहजीकरण र सिकाउने माध्यम बन्न सक्छन् भन्ने मान्यता बोकेर यस कार्यक्रमले सामुदायिक विकास गर्ने प्रक्रियालाई अवलम्बन गर्दछ ।

विभिन्न निकायहरुले सामुदायिक विकास गर्न विभिन्न विधि र पद्दतिहरु (राहतमुखी, विकासमुखी र सशक्तिकरण तथा रुपान्तरण)को अवलम्वन गरेको पाईन्छ । **कल्याणकारी तथा राहतमुखी विकास पद्दति (Welfare and Charity Approach)** अनुसार विकास गर्ने हो भने समुदाय एक राहत माग्ने, र संस्था राहत दिने, समुदाय आफुलाई कमजोर, गरीव र असक्षम रहेको ठान्दछन् भने संस्थाहरु समुदायसंग केही छैन, केही गर्न सक्दैन, तिनीहरुका लागि गरी दिनुपर्छ भन्ने धारणा राख्दछन् ।

अर्को **परिवर्तन तथा विकासमुखी पद्दति (Change and Development Approach)** मा सामुदायिक विकास गर्दा समुदाय आफै विकासका कामहरु गर्ने प्रयास गर्दछन्, श्रोतहरुको खोजी गर्ने, परिचालन गर्ने र सम्भावनाहरु खोज्ने  प्रयास गर्दछन् भने संस्थाहरु सहयोगी भूमिका खेल्दै समुदायलाई सशक्त बनाउने प्रयास गर्दछन् । समुदायले हामी आफैले विकास गनुपर्छ, हामी गर्न सक्छौ , अरुको भर पर्नु हुदैन् भन्ने धारणा राख्दछन् भने संस्थाले समुदायलाई सक्षम बनाउनु पर्दछ, संस्था र समुदाय मिलेर काम गनुपर्छ, समुदायले अगुवाई गनुपर्छ र परनिर्भर हुनु हुदैन भन्ने धारणा राख्दछन् ।

त्यसैगरी **सशक्तिकरण तथा रुपान्तरण विकास पद्धति (Empowerment and Transformation Approach)** अनुसार सामुदायिक विकास गर्दा समुदायले निर्णय गर्दछन्, नेतृत्व लिन्छन्, श्रोत परिचालन गर्न वकालत गर्दछन्, कामको समिक्षा गरी फेरी काम थाल्दछन् भने संस्थाले समुदायलाई सुसुचित गर्ने, क्षमता विकास गर्ने, सशक्त बनाउने र सवालहरु उठाउने कार्यमा सबलीकरण गर्दछन् । यसमा समुदाय संगठित भएर राज्यबाट अधिकार प्राप्त गर्न पहल गर्दछन् । "हाम्रो समस्या हामीले नै समाधान गनुपर्छ" भन्ने धारणा राख्दछन् भने संस्थाले" हामी समुदायको लागि काम गरी दिने होईन समुदायसंगसंगै काम गनुपर्छ, समुदायलाई क्रियाशील बनाउने दायित्व  हाम्रो हो" भन्ने धारणा राख्दछन् ।

यसर्थ समुदायको समन्वय, सक्रियता, सहभागिता, सहयोग, योगदानद्वारा समुदाय आफै क्रियाशील गराई सामुदायिक क्रियाकलापहरुलाई दिगो रुप दिन **सशक्तिकरण तथा रुपान्तरण विकास पद्धति** अपनाई गर्न सकिने भएकोले यस संस्थाले सशक्तीकरण तथा रुपान्तरण विकास  पद्धति तथा विधीको प्रयोग गरी अति महत्वका साथ अघि बढ्ने सोच बनाएको छ ।

# समुदाय र विकासको पारस्परिक सम्बन्ध

**परनिर्भरता (Dependency):**

कुनै समुदायको आशा र चाहना कुनै संघ संस्था तथा व्यक्तिहरुले सजिलै पुरा गरी दिन्छन् र समुदाय पनि आफ्नो आशा र चाहना निरन्तर रुपमा अरुले पुरा गरी देओस भन्ने अपेक्षा र माग राखी रहन्छन् । यस्तो परिस्थीति कुनै पनि समुदायमा हुने नौला कुरा होईनन् । तर यसबाट निस्कने परिणामले सधै समुदायलाई परनिर्भरतामुखी रहन्छन् र समुदायलाई अर्काको मुख ताक्ने आशे बनाउँछ ।

**निर्भरता (Independency):**

कुनै समुदाय आफैमा निर्भर रहौं र आफ्नो ज्ञान, सीप, क्षमता र श्रोतको प्रयोग गरी स्वावलम्बी रुपमा अघि बढ्न सक्षम होउँ भन्ने अपेक्षा राख्दछन् । निर्भरता त्यस्तो अवस्था हो, जुन अवस्थामा अन्य कुनै निकाय वा व्यक्तिहरुको सहयोग विना स्वत स्फूर्त रुपमा समुदाय क्रियाशील हुन सक्छन् तर माछालाई पानीको आवश्यकता परे जस्तै कुनै पनि समुदाय आफैमा पुर्ण रुपमा निर्भर हुन्छन् भनेर भन्न सकिदैन । समय र परिस्थीति अनुसार कुनै पनि समुदाय अघि बढ्न सकेन भने ठोस परिणाम ल्याउन सकिदैन् । यदि समुदायले वा व्यक्तिहरुले आफु एक्लैले विकास र परिवर्तन गर्ने हो भने हजारौ वर्ष पहिल्यै नै गरीसकेका हुन्थे । समुदायमा कुनै पनि संघ सस्थाको प्रवेश संगै दिगोपनाको लागि एकमुष्ट केही दिए हुन्थ्यो ? केही गरी दिएमा हामी आफै गर्न सक्थ्यौं भन्ने भावना जागृत हुन स्वभाविक पनि हो । तर एक्लैले केही गर्न सकिदैन अरुको सहयोग र सम्बन्ध लिन आवश्यक छ ।

**अन्तर–निर्भरता (Inter-dependency):**

कुनै समुदायको ज्ञान, सीप, श्रोत र क्षमताले मात्र केही गर्न सकिदैन, परिणाममुखी र दिगोपन तर्फ उन्मुख भई सामाजिक, आर्थिक रुपान्तरण गर्ने नै हो भने स्थानीय र बाह्य सरोकारवालाहरु सरकारी, गैर सरकारी र नीजि निकाय तथा संघ संस्थाहरुसंग समन्वय राख्दै प्राप्त श्रोतहरुको खोजी र अधिकतम सदुपयोग गर्दै राज्यबाट उपलब्ध श्रोत र सुविधाहरुको आफ्नो हक र अधिकार सहित परिचालन गरी सम्पुर्ण समुदायको हक र हितको लागि अन्तर सम्बन्धात्मक तरीकाले गर्ने कार्यक्रम नै दिगो र निरन्तर चलिरहने एक प्रक्रिया र सामाजिक रुपान्तरणको एक अभियान हो ।

## AWEP किन ?

- ✓ महिलाहरुलाई साक्षर र सशक्त वनाई समुदायको विकासमा सहभागीता गराउन ।
- ✓ स्थानीय श्रोत साधनको सदुपयोग, परिचालन तथा सेवा सुविधाहरुमा ग्रामिण महिलाहरुको पहुँच बढाउन ।
- ✓ महिला सशक्तिकरण तथा हक अधिकार सम्बन्धी सचेतनामा सुधार ल्याउन ।
- ✓ उन्नत प्रविधि, सीप तथा क्षमता विकास गरी महिलाहरुलाई सक्षम बनाउन ।
- ✓ नयाँ अवसर, सम्भावना तथा सुविधाहरुको विस्तार र प्रबर्द्धनमा टेवा दिई महिलाहरुलाई समून्नत दिशा तर्फ अघि बढ्न सघाउन ।
- ✓ विभिन्न सरोकारवालाहरु, व्यक्ति तथा संघ संस्थाहरुको सामुहिक प्रयास, पहल, समन्वय,सक्रियता, सहभागिता र संजाल सहकार्यको निमार्ण गरी महिलाहरुको दिगो विकास तर्फ अगाडी बढाउन ।

## AWEP ले कसरी काम गर्दछ ?

- ✓ महिलाहरुको सक्रियता, सहभागिता र सशक्तिकरण गरी सामुदायिक विकासका कार्यहरु गर्न सहजीकरण गर्दछ ।
- ✓ अधिकारमुखी अवधारणा अनुसार महिलाहरुलाई उत्साहीत, संगठीत गराई महिलाहरुको सहभागीतामा विकास निर्माणका कार्यहरु गर्न अभिप्रेरित गर्दछ ।
- ✓ एकिकृत सामुदायिक विकासका कार्यहरु स्थानीय समुदायसंगैको साझेदारी प्रकृया अपनाई अघि बढाउन प्रयत्न गर्दछ ।
- ✓ समुदायको प्रत्यक्ष संलग्नता र सहभागितामा प्रस्तावनामा उल्लेखित क्रियाकलापहरुको कार्यन्वयन गर्न जोड दिन्छ ।
- ✓ समुदायको अवस्था, परिवेशको विश्लेषण, सवाल तथा सम्भावनाहरुको खोजी, समुदायको प्राथमिकता, योजना तर्जुमा, कार्यन्वयन, सहभागितामुलक अनुगमन तथा मूल्यांकन गरी पुनः योजनाको चक्र प्रणाली अपनाई कार्यक्रमका गतिविधिहरु अगाडी बढ्दछन् ।

## AWEP कार्यक्रमका प्रस्तावित प्रमुख उद्देश्य र क्रियाकलापहरुः

### १.महिला सशक्तिकरणः

**१.१ परिवेशः** ग्रामिण समुदायमा महिलाहरुको अवस्था पुरुषको दाँजोमा पिछडिएको र अझैपनि महिला पुरुष वीचको विभेद कायमै रहेको अवस्था छ । महिलाहरु शिक्षामा पछाडी पर्नु, सामुदायिक विकासमा महिलाको सहभागितामा कमी हुनु, निर्णयमा पहुँच नहुनु, र कुनै सामुदायिक दायित्व तथा भूमिका नभएको अवस्थामा महिला महिलाहरुलाई एकिकृत गराई आर्थिक, सामाजिक सशक्तिकरणको आवश्यकता हामीले महशुस गरेका छौ ।

**१.२ उद्देश्यः** समुदाय विकासमा महिलाहरुको भूमिका तथा निर्णयमा पहुँच बढाउने ।

**१.३ क्रियाकलापः**

- ➢ महिलाहरुलाई समूहमा संगठित गरी हक अधिकार प्राप्त गर्न र श्रोतमा पहुँच बढाउन सहजीकरण गर्ने
- ➢ महिलाहरुलाई आत्मविश्वासी र सिर्जनशील बनाउन ज्ञान, सीप तथा क्षमता अभिवृद्धि गर्ने ।
- ➢ महिलाहरुलाई उद्यमशीलता तर्फ अग्रसर गराउन सहजीकरण गर्ने ।
- ➢ महिला समुहहरुको संस्थागत विकास र प्रभावकारी व्यवस्थापन गर्न पहल गर्ने ।

## २. सामुदायिक शिक्षाः

२.१ **परिवेशः** ग्रामिण समुदायका विशेषगरी गरीब, दलित, जनजाति, पछाडी परेका वर्गका महिलाहरु शिक्षामा पछाडी छन् । विपन्नता तथा भौगोलिक विकटताका कारण धेरै बालबालिकाहरु विद्यालय छाड्न बाध्य छन् । ग्रामिण समुदायमा रहेका विद्यालयहरुको प्रभावकारी व्यवस्थापन नहुनु, पुर्वाधारहरुको अभाव, पुरानो पठन पाठन विधि र सिर्जनात्मक वातावरणको अभावमा गुणस्तरीय तथा उच्च शिक्षा विपन्न वर्गको पहुँचमा पुग्न नसकी रहेको अवस्थामा शिक्षाको गुणस्तर बढाउनु पर्ने आवश्यकता महशुस गरीएको छ ।

२.२ **उद्देश्यः** महिलाहरुको साक्षरता दरमा वृद्धि गराउने ।

२.३ **क्रियाकलापहरुः**

- समुदायका व्यक्तिहरु तथा समुहहरुलाई जिवन उपयोगी शिक्षा अभियान संचालन गर्ने ।
- विद्यालयहरुको व्यवस्थापन प्रणालीमा प्रभावकारीता ल्याउन पहल गर्ने ।
- विपन्न वर्गका विद्यार्थीहरु, विद्यालय छाडेका बालबालिकाहरु तथा तिनका अभिभावकहरुलाई उत्प्रेरित गरी विद्यालय पढ्ने वातावरण सिर्जना गर्न पहल गर्ने ।
- विद्यालयहरुमा आवश्यकता अनुसार कक्षा अभिवृद्धि गर्न र शैक्षिक स्तर उकास्न पहल गर्ने ।

## ३. सामुदायिक स्वास्थ्यः

३.१ **परिवेशः**ग्रामिण तथा खाँचोमा परेका समुदायले प्रभावकारी स्वास्थ्य सेवा र सुविधा अझै सर्वसुलभ रुपमा प्राप्त गर्न सकिरहेका छैनन् । समुदायमा स्वास्थ्य सचेतना, सरसफाईको कमी, स्वास्थ्य संस्थाहरुको प्रभावकारी व्यवस्थापन नहुनु, स्वास्थ्य कर्मीहरुलाई नयाँ ज्ञान, सीप तथा सूचनाहरुबारे जानकारी नहुनु, दुर्गम गाउँमा काम गर्ने दक्ष स्वास्थ्य कर्मीहरु तथा उपयुक्त सामग्रीहरुको अभाव भएकोले स्वास्थ्य क्षेत्रका समस्याहरु झन जटिल बन्दै गएको अवस्थामा ग्रामिण समुदायको स्वास्थ्य अवस्था सुधार गर्नुपर्ने आवश्यकता हामीले महशुस गरेका छौं ।

३.२ **उद्देश्यः** समुदायको स्वास्थ्य अवस्थामा सुधार ल्याउने ।

३.३ **क्रियाकलापहरुः**

- स्वास्थ्य सेवा प्रभावकारी बनाउन सेवाग्राहीहरु एवं सेवा प्रदायकहरुलाई क्षमता अभिबृद्धि गर्न पहल गर्ने ।
- स्वास्थ्य संस्थाहरुको व्यवस्थापन प्रणाली प्रभावकारी बनाउन पहल गर्ने ।
- एच.आई.भी, एड्सबारे सचेतना फैलाउने र प्रभावितहरुलाई सहयोग पुर्‍याउन सहजीकरण गर्ने ।
- समुदायका व्यक्तिहरुको व्यक्तिगत स्वास्थ्य सरसफाई गर्न सचेतना फैलाउने ।

## ४. उद्यमशिलता विकासः

४.१ **परिवेशः** ग्रामिण समुदायमा महिलाहरुको आर्थिक अवस्था अत्यन्तै नाजुक रहेको पाइन्छ । उत्पादन मुलक कामहरुमा वढी मात्रामा पुरुषहरुको संलग्नता रहेकोले महिलाहरुमा खर्च गर्ने अधिकार हुँदैन । खर्च गर्नु परेमा पुरुषहरुवाट अनुमति लिनुपर्ने अवस्था छ । महिलाहरुको सशक्तिकरणको लागि महिलाहरु आर्थिक रुपमा सवल हुनु जरुरी छ । यसैले महिलाहरुलाई आय आर्जनको लागि कृषि तथा गैर कृषि उत्पादनको प्रर्वद्धन तथा वजारीकरण गरि उनीहरुको आयआर्जनमा वृद्धि गरि आत्मनिर्भर गराउन जरुरी छ ।

४.२ **उद्देश्यः** महिलाहरुको आयआर्जनमा वृद्दि गर्ने ।

४.३ **क्रियाकलापहरुः**

- लघुउद्यमशिलता तथा सिपमुलक तालिमहरुको आयोजना गर्ने ।
- स्थानीयस्तरमा छरिएर रहेका उत्पादीत वस्तुहरुरुको वजारीकरणमा सहजीकरण गर्ने ।
- विभिन्न उद्यमी तथा व्यसायहरु संग समन्वय गरि वजारको प्रर्वद्दन गर्ने ।
- कृषि तथा गैर कृषि उत्पादनको प्रबद्धर्न तथा बजारीकरणमा सहजीकरण गर्ने ।

**५.संस्थागत विकासः**

**५.१ परिवेशः** स्थानीय संघ संस्थाहरु समुदायका मेरुदण्ड हुन। त्यस्ता संघ संस्थाहरुको क्षमता अभिवृद्धि र सबलीकरण गरियो भने सामुदायिक विकासका कार्यहरु निरन्तर र दिगो हुन सक्छन् र सिर्जनशील कामहरुको शुरुवात गर्न तथा भए गरेका क्रियाकलापहरुको निरन्तरता दिन सक्दछन्। यसर्थ समुदायमा सुसुप्त अवस्थामा रहेका र प्रभावकारी व्यवस्थापन हुन नसकेका स्थानीय समुह, संघ संस्थाहरुलाई सक्रिय बनाउन पहल गर्ने साथै क्षमता अभिवृद्धि समेत गर्नु पर्ने आवश्यकता हामीले महशुस गरेका छौं ।

**५.२ उद्देश्यः** स्थानीय समुदायको विकास गर्न समुदायमा आधारित संघ संस्थाहरुको व्यवस्थापकीय क्षमतामा सुधार ल्याउने ।

**५.३ क्रियाकलापहरुः**

- स्थानीय संघ संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने ।
- स्थानीय संघ संस्थाहरुलाई सामुदायिक विकासका कार्यहरुको शुरुआत गर्न तथा भैरहेका कामको निरन्तरता दिन प्रोत्साहन गर्ने ।
- स्थानीय संघ संस्थाहरुको प्रभावकारी व्यवस्थापन गर्न पहल गर्ने ।
- स्थानीय संघ संस्थाहरु वीच समन्वय, सम्बन्ध र संजाल विस्तार गर्न पहल गर्ने ।

## AWEP कार्यक्रमको चरण तथा अवधीः

शेयर एण्ड केयर नेपाालको लामो अनुभव र राम्रा अभ्यास अनुसार कुनै पनि समुदायमा गरीने विकासका कार्यहरु तीन चरणमा गर्ने गरीन्छ। जस अनुसार यस महिला सशक्तिकरण कार्यक्रमलाई पनि तीन चरण गरी ५ वर्ष अवधीमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

**१. प्रारम्भिक चरण (Entry Stage):** कुनै पनि कार्यक्रमको शुरुआत गर्दा नै सबै प्रकारले तयारी एवं प्रभावकारी ढंगले गर्नु महत्वपुर्ण कुरा हो । जस अनुसार यस चरणमा विशेष गरी समुदायलाई जानकारी लिने दिने, सम्बन्ध स्थापना गर्ने, कार्यक्रमको अवधारणा बुझ्ने बुझाउने, सामाजिक परिवेशको सफलताको अध्ययन र अनुसन्धान गर्ने, आवश्यकता अनुसार स्वयंसेवी उत्प्रेरकको छनौट एवं तालिमको आयोजना गर्ने र अन्त्यमा सहभागी एवं साझेदारीमूलक तरीकाले सहभागितामुलक ग्रामिण लेखाजोखा गरी प्राप्त सुचना, तथ्यांकहरुलाई समुदाय वीचमै छलफल र प्रस्तुतिकरण गरीन्छ । अन्त्यमा जसको नतिजा स्वरुप सहभागिमुलक तरीकाले स्पष्ट उद्देश्यहरुका साथ प्रस्तावना तयार गरी स्वीकृतिको लागि सम्बन्धित निकायमा प्रस्तुत गरीनेछ ।

**२. कार्यन्वयन चरण (Implementation Stage):** प्रारम्भिक चरणमा पहिचान गरिएका समस्या र समुदायको विगतका सफलताहरुलाई समेत प्राथमिकीकरण गरी सामुदायिक सहभागीता र साझेदारी प्रकृयाद्धारा स्पष्ट उद्देश्यका साथ तयार गरिएको प्रस्तावना र संस्थाको श्रोतले सम्भव देखिएका क्रियाकलापहरु सहभागीमूलक प्रकृयाले कार्यान्वयन गरिन्छन् जसमा समुदायले आफ्नो विगतका सफलताहरुको अध्ययन र अन्य समुदायमा भए गरिएका क्रियाकलापहरुको अवलोकन समेत गरेर

स्व-मुल्याङ्कनद्धारा प्रभावकारी निर्णयहरुका साथ समुदायले नै आफ्नो कार्ययोजना तयार पारेर कार्यान्वयन गर्न सहजीकरण गरिन्छ ।

**३. बाहिरीने चरण (Exit Stage):** प्रारम्भिक चरण र कार्यन्वयन चरणमा गरीएका सम्पुर्ण प्रक्रियाहरु क्रियाकलापहरु, प्राप्त उपलब्धीहरु, नतिजाहरुलाई प्रभावकारी ढंगले निरन्तर अगाडी बढाई समुदायलाई सशक्त रुपले समुदायले नै आफ्नो समुदायको कार्य योजना र कार्यक्रमहरु तयार गरी आफै कार्यन्वयन गर्न सक्नेछन् । जसको फलस्वरुप समुदायमा दिगो विकासको प्रकृया बढ्ने अपेक्षा लिईएको छ ।

यस चरणमा कार्यक्रमका सरोकारवाला साझेदारहरुसंग छलफल, अन्तरकृया, कार्यक्रमको दिगोपना र निरन्तरताका लागि अतित्यावश्यक तत्वहरुको छलफल, सरोकारवाला निकायहरुसंग समन्वय, संजाल तथा सम्बन्ध विस्तार, सम्पन्न्न भएका गतिविधिहरु र उल्लेखनीय उपलब्धीहरुको अध्ययन, घटना, अनुभव र सफलताका कथाहरुको संगालो संकलन साथै आवश्यक परेमा वा लागेमा “हाम्रो सफलता, हाम्रो सपना”को आधारमा वृतचित्र समेत निर्माण गरी आभार व्यक्त कार्यक्रममा प्रस्तुत गरीनेछ ।

यस चरणको अन्त्यतिर सम्पुर्ण समुदायको बृहत भेलाद्वारा एक सामाजिक उत्सव (Thanks Giving Event) को आयोजना गरीनेछ । जसलाई आभार व्यक्त कार्यक्रम “हामी आभारी छौ !” को साथ कार्यक्रमको विधिवत समापनको घोषणा गरीनेछ । यसर्थ “समुदायको नासो समुदायलाई नै” भन्ने भनाईलाई आत्मसात गरी परियोजनाले सामुदायिक विकास क्षेत्रमा गरेको अगुवाईलाई स्थानीय समुदायलाई नै सुम्पिने एक स्वभाविक प्रकृया स्वरुप कार्यक्रम बाहिरिने हुन्छ ।